# बंगलाचुली गाउपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कमिरेचौर, दाङ
लुम्बिनी प्रदेश, नेपाल

प.स. : २०८२/०८३
च.नं. :- ११२२

**निजी/सार्वजनिक तथा संस्थागत जग्गामा वृक्षारोपण पश्चात अनुदान दिने सम्बन्धी सूचना**
**(प्रथम पटक प्रकाशित मिति :२०८३/०२/२०)**

समृद्धिका लागि वन परियोजना अन्तर्गत बंगलाचुली गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सार्वजनिक/निजी जग्गामा वृक्षारोपणका लागि अनुदान कार्यक्रम सञ्चालन गरिने भएकोले उक्त कार्यक्रम अन्तर्गत सार्वजनिक निजी तथा संस्थागत जग्गामा वृक्षारोपण गर्न इच्छुक लक्षित समूहका नागरिकहरूले आफूले चाहेका डाले घाँस, वनजन्य जडीबुटी तथा रुख प्रजातिका कम्तिमा सार्वजनिक जग्गामा ८०० बिरुवा र निजीमा जग्गामा १०० बिरुवा वृक्षारोपण गरेमा ५० प्रतिशत अनुदान उपलब्ध गराइने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। तसर्थ, इच्छुक व्यक्ति/कृषि सहकारी/कृषि फर्म तथा कृषक समूहहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र (मिति २०८३/०३/०४ गतेसम्म) गाउँकार्यपालिकाको कार्यालय अथवा सम्बन्धित वडा कार्यालयमा देहाय बमोजिमका कागजातहरू संलग्न गरी दरखास्त पेश गर्नुहुन अनुरोध गरिन्छ।

**आवश्यक कागजातहरू:**

१. वृक्षारोपण गर्न चाहेको प्रजातिको नाम र संख्या उल्लेख गरिएको माग निवेदन।
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
३. जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि तथा मालपोत तिरेको रसिद।
४. कृषक समूह/कृषि सहकारी/कृषि फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि (नवीकरण सहित)।
५. समूह बैठकको निर्णयको प्रतिलिपि (समूह/सहकारीको ह

चन्द्रकान्त पौडेल
प्रमुख प्रशासकीय अधिकृत

(पुनश्चः विस्तृत जानकारीका लागि वन प्राविधिक एलिसा न्यौपाने (मो. नं. ९८४७८५०३५४) सँग सम्पर्क गर्नुहुन अनुरोध छ।)